आमचोक गाउँपालिका

# गाउँ कार्यकालिकाको कार्यालय

बालंखा, भोजपुर

email : ito. aamchowkmun@gmail.com
Web: www.aamchowkmun.gov.np

१ नं. प्रदेश

## सेवा करारमा कर्मचारी पदपूर्ती सम्वन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७७/०६/११)

आमचोक गाउँपालिकामा अस्थायि कोभिड अस्पताल संचालन र प्रसुति गृहको लागि तपशिल अनुसारको कर्मचारी सेवा करार गरि राख्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका नेपाली नगारिकहरवाट सूचना प्रकाशनको मितिले १५ दिन भित्र आमचोक गाउँ कार्यपालिकाको कार्यालयमा आवश्यक कागजात र दरखास्त दस्तुर तिरेको रसिद/भौचर सहित आवेदन पेश गर्नुहुन सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

१. विज्ञापन नं , .पद र माग संख्याः

| विज्ञापन नं | पद | तह/सेवा/समूह | माग संख्या | काम गर्नुपर्ने स्थान | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| ०४-२०७७/७८ | मेडिकल अधिकृत | अधिकृत आठौं तह | १ जना | अस्थायि कोभिड अस्पताल | मान्यता प्राप्त शिक्षण संस्थावाट एम.वि.वि. एस. उत्तिर्ण गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको |
| ०५-२०७७/७८ | स्टाफ नर्स | सहायक पाँचौ/स्वास्थ्य /नर्सिङ | २ जना | अस्थायि कोभिड अस्पताल<br>अस्थायि कोभिड अस्पताल | मान्यता प्राप्त शिक्षण संस्थावाट PCL Nursing वा सो सरह उत्तिर्ण गरि सम्वन्धित काउन्सिलमा दर्ता भएको |
| ०६-२०७७/७८ | अ.न.मी. | सहायक चौथो/स्वास्थ्य /प.हे.न. | १ जना | प्रसुति गृह | मान्यता प्राप्त शिक्षण संस्थावाट ANM वा सो सरह उत्तिर्ण गरि सम्वन्धित काउन्सिलमा दर्ता भएको |
| ०७-२०७७/७८ | कार्यालय सहयोगी | श्रेणी विहिन/सामान्य प्रशासन | १ जना | अस्थायि कोभिड अस्पताल | मान्यता प्राप्त शिक्षण संस्थावाट एस एल सी वा सो सरह उत्तिर्ण गरेको |

२. सेवाको किसिमः करार सेवा

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः (क) मेडिकल अधिकृतको हकमा मान्यता प्राप्त शिक्षण संस्थावाट एम.वि. वि. एस. उत्तिर्ण गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको (ख) स्टाफ नर्सको हकमा मान्यता प्राप्त शिक्षण संस्थावाट PCL Nursing वा सो सरह उत्तिर्ण गरि सम्वन्धित काउन्सिलमा दर्ता भएको (ग) अनमीको हकमा मान्यता प्राप्त शिक्षण संस्थावाट ANM वा सो सरह उत्तिर्ण गरि सम्वन्धित काउन्सिलमा दर्ता भएको (घ) कार्यालय सहयोगीको हकमा मान्यता प्राप्त शिक्षण संस्थावाट एस एल सी वा सो सरह उत्तिर्ण गरेको ।

४. **तलव,सुविधा तथा अन्य सेवा शर्तः** सम्वन्धित तहका लागि प्रचलित नेपाल सरकारको न्यूनतम तलव स्केलवाट नघट्ने गरि र अन्य सेवासुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

५. उम्मेद्वारको उमेरः (क) मेडिकल अधिकृतको हकमा महिला र अपाङ्गता भएका व्यक्तिहरुको लागि

नि. प्रमुख प्रशासकीय अधिकृत

दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको । (ख) स्टाफ नर्स, अ.न.मी र कार्यालय सहयोगीको हकमा महिला र अपाङ्गता भएका व्यक्तिहरुको लागि दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष उमेर ननाघेको ।

६. उम्मेद्वारको छनौट विधिः लिखित तथा मुल्यांकन, प्रत्यक्ष अन्तर्वार्ता ।

७. फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः यसपालिकाको कार्यालय वा कार्यालयको वेवसाइटः www.aamchowkmun.gov.np वाट दरखास्त फारम प्राप्त गरी उक्त फारम भरी पालिकाको कार्यालयमा बुझाउनु पर्ने वा पालिकाको इमेलः ito.aamchowkmun@gmail.com मा समेत पठाउन सकिनेछ । इमेलवाट पठाइएको दरखास्तको हकमा परिक्षा पुर्व सक्कल वुझाउनुपर्नेछ

८. दरखास्त दस्तुरः मेडिकल अधिकृतका लागि रू. १०००।००, स्टाफ नर्स/अ.न.मी./कार्यालय सहयोगी का लागि रु ५००।०० ।

९. दरखास्त दस्तुर बुझाउने प्रकृयाः गाउँपालिकाको सिद्धार्थ वैकमा रहेको खाता नं (आन्तरिक राजस्व) मा ०२६१५५३९१७५१ जम्मा गरी वैंक भौचर दरखास्त फारमसाथ पेश गर्नुपर्नेछ।

१०. **दरखास्तमा संलग्न गर्नुपर्नेः** नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, अनुभव भए अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

११. दरखास्त फारम भर्ने मितिः मिति २०७७/०६/११ देखी २०७७/०६/२५ सम्म।

१२. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको तीनदिन भित्र टेलिफोन गरी जानकारी गराईनेछ । साथै पालिकाको सूचनापाटिमा टाँस गरिनेछ।

१३. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति २०७७/०६/२५ गते सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ।

१४. म्याद नाघि आएको तथा रित पुर्वक नआएको दरखास्त उपर कुनै कारवाही हुनेछैन । आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार पालिकालाई हुनेछ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ ।

१५. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यसपालिकाको कार्यालयको टेलिफोन नं ९८५२०८१३३६ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

धन कुमार राई
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत